जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०५४३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १७ पृष्ठः ४ | २०८३ बैशाख २२ मंगलबार (Tuesday 05 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजार ६ वडा कार्यालयले आफ्नै भवनबाट सेवा प्रवाह थाल्यो



सिरहा, २१ बैशाख। गोलबजार नगरपालिका ६ को वडा कार्यालयले अव आफ्नै भवनबाट सेवा प्रवाह गर्ने भएको छ। लामो समयदेखि भाडाको घरबाट सेवा प्रवाह गर्दै आएको यस वडाले आजवाद आफ्नै भवनबाट विधिवदरुपमा सेवा प्रवाह गर्ने भएको हो। नगरपालिकाको ५० लाख लागतमा निर्माण भएको वडा कार्यालय भवनको आज नगर प्रमुख श्याम कुमार श्रेष्ठ र वडा अध्यक्ष सञ्जित लामाले संयुक्तरुपमा उद्राटन गरेका हुन्। तीन वटा कोठा, सुविधा सम्पन शौचालय र भर्याङ्गसहितको २ कट्ठा क्षेत्रफलमा वडा कार्यालय भवन दुई वर्ष लगाएर निर्माण भएको वडा अध्यक्ष लामाले जानकारी दिए।

उद्घाटन समारोहका प्रमुख अतिथी तथा नगरप्रमुख श्यामकुमार श्रेष्ठले वडा अध्यक्ष लामाको व्यक्तिगत मेहनतमा दाताहरुबाट जग्गा प्राप्त गरी नगरको सहयोगमा भवन निर्माण गरेको बताए। उनले भने, 'भाडामा वडा कार्यालय सञ्चालन हुँदै आएको थियो, वडा अध्यक्षले आफ्नो मेहनतमा जग्गा खोजेर भवन बनाएर कार्यालय सञ्चालन गर्नु भयो, वहाँलाई धैरै धैरै धन्यवाद छ।' सोही क्रममा मेयर श्रेष्ठले वडा अध्यक्ष लामाले आफ्नै घर घाडामा लिएर वडा कार्यालय सञ्चालन गरेको विषयमा स्थानीय रुपमा टिक्का टिप्पनी हुँदै आएकोसमेत बताए। उनले त्यसैले पनि वडा अध्यक्षले छिटो छिटो वडाको आफ्नै भवन बनाउने कार्य गरेको बताए।

सोही क्रमममा मेयर श्रेष्ठले लामोसमयदेखि अलपत्र अवस्थामा रहेको निर्माणधिन प्रशासकीय भवनको विषयमा स्थानीय दलहरुसँगको छलफलपछि निर्णय लिने बताए। उनले भने, 'निर्माण कम्पनीले राम्रोसँग काम गर्न सकिरहेको छैन। लामो समयदेखि अलपत्र अवस्थामा राखेको छ। पछिल्लो पटक थपीएको म्याद पनि यहि बैशाखमा सकिंदैछ। अव कसरी जानेभन्ने विषयमा म चाँडै सर्वदलिय बैठक राख्दैछु, त्यसले दिएको म्यान्डेडको आधारमा

–बाँकी दुई पेजमा

## हावाहुरीले छतको रेलिङ खसाल्दा महिलाको मृत्यु

सिरहा, २१ वैशाख। सिरहामा सोमबार साँझ आएको ठूलो हावाहुरीका कारण घरको छतको रेलिङ भत्किएर खस्दा एक जना महिलाको ज्यान गएको छ मिर्चैया नगरपालिका–११, सितापुर टोलकी करिब ७५ वर्षीया कारीदेवी महराको मृत्यु भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार हावाहुरीका कारण घरको छतमा लगाइएको इँटाको रेलिङ भत्किएर खस्दा उनी गम्भीर घाइते भएकी थिइन्।

घरको बरन्डामा बसिरहेको अवस्थामा अचानक रेलिङ भत्किएर उनको टाउकोमाथि खसेको थियो। घाइते अवस्थामा उनलाई उपचारका लागि मिर्चैयास्थित मंगलम अस्पताल लैजाँदै गर्दा बाटोमै उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यलय सिरहाका डीएसपी एवं प्रवक्ता रमेशबहादुर पालले जान्कारी दिए। डीएसपी पालका अनुसार उपचारका लागि उनलाई अस्पताल पुऱ्याइए पनि चिकित्सकले मृत घोषणा गरेको हो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## सिरहामा ६० हजार बालबालिकाको पोषण अवस्था मूल्याङ्कन गरिने

सिरहा, २१ वैशाख। जिल्लामा मातृ तथा शिशु स्वास्थ्यलाई सुदृढ बनाउने लक्ष्यका साथ 'सुनौलो हजार दिनका आमाहरूसँग पाँच वर्षमुनिका बालबालिकाको समुदायस्तरमा पोषण लेखाजोखा कार्यक्रम' सुरु भएको छ। आइतबार लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले एक विशेष कार्यक्रमका बीच यस अभियानको औपचारिक उद्घाटन गरे ।

स्वास्थ्य मन्त्रालयको परिवार कल्याण महाशाखाअन्तर्गत पोषण शाखाको नेतृत्वमा वैशाख १५ देखि ३० गतेसम्म देशव्यापी रूपमा यो अभियान सञ्चालन भइरहेको छ। कार्यक्रमको मुख्य उद्देश्य ६ देखि ५९ महिनासम्मका बालबालिकामा शीघ्र कुपोषण पहिचान गरी समयमै उपचार सुनिश्चित गर्नुका साथै स्थानीय तहदेखि प्रदेशस्तरसम्म कुपोषणको जोखिम वर्गीकरण गरी आगामी योजना निर्माणको आधार तयार गर्नु हो।

उद्घाटन समारोहमा नगरप्रमुख चौधरीले 'सुनौलो हजार दिन'को महत्वबारे जोड दिँदै भने, "बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि पहिलो हजार दिन अत्यन्त महत्वपूर्ण हुन्छ। यस अवधिमा उचित पोषण सुनिश्चित गर्न सके स्वस्थ र सक्षम नागरिक निर्माण गर्न सकिन्छ।" उनले नगरपालिकाले गर्भवती तथा सुत्केरी महिलाका लागि मासिक रूपमा पोषण प्याकेज वितरण कार्यक्रम सञ्चालन गरिरहेको जानकारीसमेत दिए। 'हेलेन केलर इन्टरनेसनल'को आर्थिक तथा प्राविधिक सहयोगमा स्थानीय दलित विकास मञ्चमार्फत सिरहाका १७ वटै स्थानीय तहमा यो कार्यक्रम विस्तार गरिएको छ। हेलेन केलरका क्षेत्रीय सुपरिवेक्षक अमितराज साहले जिल्लाभरको लक्ष्यबारे जानकारी दिँदै भने, "सिरहामा हामीले करिब ६० हजार बालबालिका र १४ हजार गर्भवती महिलाको पोषण अवस्था लेखाजोखा गर्ने लक्ष्य राखेका छौँ। समुदायमै पुगेर गरिने यो मूल्याङ्गनले कुपोषणको वास्तविक अवस्था बाहिर ल्याउनेछ।"

साहका अनुसार नेपालमा कुपोषणको अवस्था पत्ता लगाउन प्रत्येक पाँच वर्षको अन्तरालमा स्वास्थ्य सर्वेक्षण हुँदै आएको भए पनि सन् २०२२ यता राष्ट्रियस्तरको अध्ययन हुनसकेको छैन। दलित विकास मञ्चका कार्यकारी निर्देशक सञ्जय महराले अभियानका लागि जिल्लाभरका स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई आवश्यक तालिम दिइसकेको जानकारी दिनुभयो। उहाँका अनुसार टोलीले टोलटोलमा पुगेर बालबालिकाको तौल, उचाइ र पोषण अवस्थाको स्क्रिनिङ गर्नेछन् र जटिल अवस्था देखिएमा तत्काल उपचारका लागि सन्दर्भ केन्द्रमा प्रेषण गरिनेछ।




**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।**

- सामाजिक सञ्जालमाः
- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुर्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,
- जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, हयासट्याग गर्नु हुँदैन। यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

## लिपुलेक नेपालकै भूमि हो : सरकारका प्रवक्ता

काठमाडौं, २१ वैशाख। नेपाल सरकारले लिपुलेक लगायतका सीमा विवादका विषयमा आफ्नो अडान स्पष्ट रहेको र ती क्षेत्रहरू नेपाली भूमि भएको कुरामा पूर्ण प्रतिबद्ध रहेको जनाएको छ। सरकारका प्रवक्ता एवम् शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेलले आज सञ्चारकर्मीसँगको कुराकानीमा सीमा विवादका सम्बन्धमा परराष्ट्र मन्त्रालयले आफ्नो आधिकारिक धारणा सार्वजनिक गरिसकेको जानकारी दिनुभयो। उहाँले यो विषय अब दुई सरकारबीचको सहकार्य र कूटनीतिक संवादमार्फत निकास निकाल्ने विषय भएको बताउनुभयो।

भारत सरकारले भर्खरै जारी गरेको वक्तव्य र त्यसमा नेपालले सीमा

–बाँकी दुई पेजमा

# सम्पादकीय

## नेपालको अडान र कूटनीतिक सन्तुलन

लिपुलेकलगायत पश्चिमोत्तर सीमाका नेपाली भूभागलाई व्यापारिक नाकाका रूपमा प्रयोग गर्ने भारत र चीनले गरेको सहमतिमा नेपाल सरकारले पटकपटक आपत्ति जनाउँदै आएको छ। सन् २०१५ मा यस्तो सहमति सार्वजनिक भएलगत्तै नेपाल सरकारले दुवै देशलाई कूटनीतिक नोट पठाएर त्यसमा आपत्ति जनाएको थियो। त्यसपछि भारत र चीनबीचको सम्बन्धमा देखिएको उतारचडावसमेतका कारण यो विषय ओझेलमा परेको थियो। तर, हालै भारत र चीनले नेपाली भूभागलाई व्यापारिक नाका बनाउन दुई देशबीच सहमति भएको समाचारपछि यसप्रति ध्यानाकर्षण भएको हो। यसैगरी नेपाली भूमि लिपुलेकसमेत पर्ने नाका कैलास जाने भारतीय तीर्थयात्रीका लागि खुला गरेको बताइएपछि नेपाल सरकारले पुनः आपत्ति प्रकट गरेको छ।

नेपालको परराष्ट्र मन्त्रालयले नेपाली भूमिको प्रयोगका विषयमा नेपालको सहमतिबिना निर्णय गरिएको विषयमा आफ्नो आपत्ति भारत र चीन दुवै पक्षलाई पुनः जानकारी गराएको छ। मन्त्रालयका अनुसार सुगौली सन्धिबाट नै महाकाली नदी पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल अडिग छ। सन् २०१५ मा नेपालले आपत्ति प्रकट गरेपछि चीनले ध्यानाकर्षण भएको जवाफ दिएको थियो भने भारतले उक्त भूभाग आफ्नै भएको दाबी गरेको थियो। त्यसपछि नेपाल सरकारले लिम्पियाधुरा, लिपुलेक र कालापानीलगायतका भूभाग समेटेर नेपालको नक्सा जारी गरेको थियो। नेपालको नक्सालाई भारतले अस्वीकार गरेको थियो भने चीनले स्पष्ट केही उत्तर दिएको छैन।

भारतले भने उक्त क्षेत्रमा बलमिच्याइँ गर्दै सडक निर्माणजस्ता भौतिक विकासका काम पनि गरिरहेको छ। सन् १८१६ मा नेपाल र तत्कालीन ब्रिटिस इन्डिया सरकारबीच भएको सुगौली सन्धिबाट निर्धारित सीमानामा अहिले भारतले किचलो गरेको नेपाली पक्षको मान्यता देखिन्छ। भारतले भने नेपालले जतिपटक आपत्ति गर्दा पनि उक्त भूभागमा आफ्नै भएको दाबी दोहोऱ्याइरहेको छ। नेपालले बल प्रयोग गरेर आफ्नो भूभाग पुनः नियन्त्रणका लिन सक्ने अवस्था अहिले देखिएको छैन। यस्तै, भारतसँग शत्रुता पनि नेपालका लागि महँगो पर्न सक्छ। सहमतिको दोस्रो पक्ष अर्को छिमेकी चीन लिपुलेक विवादलाई नेपाल र भारतबीचको पारस्परिक समस्या भन्दै उम्कने गरेको छ। यसैले पनि छिटै र सजिलै समाधान हुने लक्षण देखिँदैन।

नेपालले पनि आफ्नो भूमिमाथिको अधिकार छाड्न सक्दैन। यसैले आफ्नो अडानमा नेपाल अविचलित रहनुपर्छ। तर, यस विवादलाई चीन वा भारतसँगको दुईपक्षीय सम्बन्धमा प्रभाव पार्न भने दिनु हुँदैन। सरकारले यसपटक अनावश्यक प्रचारवाजीमा लाग्नुको साटो शिष्ट कूटनीतिक उपाय अपनाएर परिपक्वता र बुद्धिमत्ता देखाएको छ। सम्भवतः आफ्नो अडान नछाड्ने तर भारतलाई पनि नचिढ्याउने यो रणनीति उत्तम पनि हो।

भारत र चीनले पनि नेपालको संवेदनशिलता बुझिदिनु जरुरी हुन्छ। विश्वकै ठूला महाशक्ति बन्दैगरेका भारत र चीनमा लागि नेपालको संवेदनशिलता बुझ्न र तदनुरूप व्यवहार गर्न कुनै समस्या नहुनुपर्ने हो। बढी चासो नेपालको भएकाले नेपाली पक्षले यस विषयमा बढी जिम्मेवारी देखाउनुपर्छ। लिपुलेक क्षेत्रका विषयमा सरकारले यस्तै परिपक्व अग्रसरता कायम राख्नु उचित हुनेछ।

## गोलबजार ६ वडा ...

निर्णय लिन्छु।'

उद्घाटन मन्तव्यको क्रममा नेकपाका स्थानीय नेता उमेश बरालले प्रशासकीय भवनको काम सम्पन्न गर्न ध्यानाकर्षण गराएका थिए। उनले 'निर्माणधिन प्रशासकीय अव आव हुने नगरसभा त्यहि भवनमा हुने गर्नेगरी काम अगाडी बढाउनु पर्यो। त्यो भवन निर्माणको ढिलाईले जग्गादाता र स्थानीय निरास भएका छन्।' भवन निर्माणको लागि स्थानिय मिनकुमार लामाले एक कट्ठा ५ धुर र अम्मवर कुमार लामाले १५ धुर जमिन वडाकार्यालयलाई निःशुल्क दिएका थिए। उनीहरुलाई उद्घाटन कार्यक्रममा सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरेका थिए।

## लिपुलेक नेपालकै ..

विस्तार गर्न खोजेको भन्ने आशयको बुँदाप्रति संकेत गर्दै उहाँले भन्नुभयो, 'त्यो सीमा विस्तार गरिएको विषय नै होइन, ती क्षेत्रहरू नेपालकै भूमि हुन्। यसमा सरकार स्पष्ट छ र आफ्नो अडानमा प्रतिबद्ध छ।' यस्तै मन्त्रालयहरू गाभ्ने चर्चाका विषयमा बोल्दै प्रवक्ता पोखरेलले आजको बैठकमा यसबारे छलफल नभए पनि यसका प्राविधिक र कानूनी पक्षहरूका बारेमा अध्ययन भइरहेको बताउनुभयो।

प्रधानमन्त्री कार्यालय परिसरमा सञ्चारकर्मीको प्रवेशमा कडाइ गरिएको भन्ने जिज्ञासामा उहाँले यो कडाइ गरिएको नभई आन्तरिक आवतजावत र प्रवेशलाई थप सहज र व्यवस्थित बनाउन खोजिएको उल्लेख गर्नुभयो।

# विराटनगरमा हुकुमबासीको रजगज !

**गोपाल रेग्मी**

विराटनगरको आधुनिक इतिहासमा एउटा यस्तो समय थियो, जहाँ सहरका सडकहरू खुम्चिएका थिए, ढल निकास अवरुद्ध थियो र सार्वजनिक सडकहरू स्वार्थ समूहको कब्जामा थियो। लामो समयसम्म जनप्रतिनिधि नहुँदा सहर अभिभावकविहीन जस्तै बनेको त्यो सङ्क्रमणकालमा कर्मचारी प्रशासनको नेतृत्व मैले सम्हाल्ने मौका पाएँ। मैले प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यभार सम्हाल्दा विराटनगर केवल धुलो र हिलोको सहरमात्र थिएन, यो त वर्षौंदेखि जकडिएको अतिक्रमणको चक्रव्यूहमा फसेको थियो।

विराटनगरलाई नजिकबाट चिन्ने र यहाँकै माटोमा हुर्किएका हुनाले मलाई सहरका समस्याहरूको गहिराइ थाहा थियो। सहर बिग्रनुको मुख्य कारण सडक र सार्वजनिक जग्गामाथि भएको निर्मम अतिक्रमण नै थियो। जब हामीले सडक विस्तारको योजना बनायौँ, हाम्रो अगाडि सबैभन्दा ठुलो प्रश्न थियो, 'कहाँबाट सुरु गर्ने ?' यदि हामीले साना र पहुँच नभएकाहरूबाट काम सुरु गरेको भए यो अभियान एक हप्ता पनि टिक्ने थिएन। त्यसैले हामीले एउटा कठोर निर्णय गऱ्यौँ कि कानुनको कार्यान्वयन माथिबाटै सुरु गर्नुपर्छ। सडक मापदण्ड मिचेर बनाइएका संरचनाहरू हटाउने क्रममा हामीले बहालवाला मन्त्रीहरूदेखि यस क्षेत्रका प्रभावशाली र चल्तीका ठुला व्यापारिक घरानाका कम्पाउण्ड र पर्खालहरूबाट काम सुरु गऱ्यौँ।

जब सहरका शक्तिशाली मानिएका व्यक्तिहरूको घरमा डोजर चल्यो, तब आम सर्वसाधारणमा एउटा स्पष्ट सन्देश गयो कि यस पटकको प्रशासनले कसैलाई काखा र कसैलाई पाखा गर्ने छैन। यही निष्पक्षता नै हाम्रो सबैभन्दा ठुलो शक्ति बन्यो, जसले गर्दा ३०० किलोमिटर सडक विस्तारको लक्ष्य हासिल गर्न सम्भव भयो। यो अभियान अघि बढाउँदा हामीले निकै ठुलो विरोधको सामना गर्नुपऱ्यो। सडक विस्तारले व्यक्तिगत स्वार्थमा चोट पुगेकाहरूले बजार बन्द गराए, मलाई लक्षित गरेर कालो झण्डा देखाए र सहरका चोक–चोकमा प्रशासनविरुद्ध चर्का नाराबाजी र जुलुसहरू भए। धेरै पटक मलाई व्यक्तिगत धम्कीसमेत दिइयो। ती विरोधका आवाजहरू केवल एउटा सानो समूहका थिए, जो सहरको हितभन्दा आफ्नो व्यक्तिगत संरचना जोगाउन केन्द्रित थिए, तर मलाई सधैँ एउटा कुराले ऊर्जा दियो– त्यो थियो विराटनगरका आम नगरबासी र विशेष गरी युवा पुस्ताको सक्रिय सहयोग।

त्यस समयको 'जेनजी' पुस्ता, जो प्रविधि र नयाँ सोचसँग जोडिएको थियो, उनीहरूले सडक विस्तारको महत्त्वलाई बुझेका थिए। उनीहरूले सामाजिक सञ्जाल र सडक दुवैतिर हाम्रो अभियानलाई समर्थन गरे। युवाहरूको त्यो क्रियाशीलताले गर्दा नै हामीले जस्तोसुकै दबाबका बिच पनि आफ्नो लक्ष्यबाट पछि हट्नु परेन। उनीहरूले बुझेका थिए कि आजको यो अस्थायी सास्तीले भोलिको सहरलाई सुरक्षित र व्यवस्थित बनाउनेछ। सडक विस्तारसँगै विराटनगरको अर्को एउटा ठुलो पीडा भनेको डुबानको समस्या हो। विराटनगर बर्सेनि डुब्नुको मुख्य कारण केवल ढल निकास नहुनुमात्र थिएन, बरु पानीको प्राकृतिक बाटो नै बन्द गरिनु थियो। पहिले–पहिले कोशी राजमार्गको पश्चिम किनारमा एउटा ठुलो खुला क्षेत्र थियो, जहाँबाट पानी बग्थ्यो। त्यसैगरी घोगा पैनी र बस्ताहा खोलाजस्ता प्राकृतिक नाला र पैनीहरूबाट पानीको स्वाभाविक निकास हुन्थ्यो। पछिल्ला दशकहरूमा ती नाला र पैनीहरूलाई मिचेर घर र संरचनाहरू बनाइए। जब पानीको स्वाभाविक निकासलाई मानिसले अवरुद्ध गर्छन्, तब पानीले आफ्नो बाटो खोज्दा बस्ती डुबाउनु स्वाभाविक हो।

प्रकृतिको नियमलाई मानिसले चुनौती दिन सक्दैन। त्यसैले हामीले अतिक्रमण गरिएका ती नाला र पैनीहरूलाई खाली गराउनु पर्छ भन्ने मान्यताका साथ काम गऱ्यौँ। सार्वजनिक सम्पत्ति र प्राकृतिक जलमार्गहरूलाई कुनै पनि बहानामा व्यक्तिको कब्जामा रहन दिनु हुँदैन। सुकुमबासीको नाममा होस् वा अन्य कुनै नाममा, सार्वजनिक जग्गा अतिक्रमण गर्ने र त्यसलाई निजीकरण गर्ने प्रयासहरू सहरको भविष्यका लागि घातक हुन्। यस्ता जग्गालाई हालसाविक गरेर निजी स्वामित्वमा हस्तान्तरण गर्ने कार्य पूर्णतः गैरकानुनी हो।

यसैगरी सहरको सहरी अनुशासनको अर्को महत्त्वपूर्ण पाटो फुटपाथ व्यवस्थापन पनि थियो। फुटपाथ पैदल यात्रीहरूको सुरक्षित हिँडडुलका लागि बनाइएको हो, व्यापार गर्नका लागि होइन। हामीले आफ्नो कार्यकालमा फुटपाथ खाली गराउने अभियानलाई निकै प्राथमिकताका साथ अघि बढायौँ। फुटपाथमा पसल थाप्ने र आवागमन अवरुद्ध गर्ने कार्यले सहरलाई अव्यवस्थितमात्र बनाउँदैन, दुर्घटनाको जोखिम पनि बढाउँछ। सडक र फुटपाथको उचित व्यवस्थापनले मात्र सहरलाई आधुनिक र सभ्य बनाउन सकिन्छ। हामीले यी सबै काम गरिरहँदा एउटा कुरामा सधैँ ध्यान दियौँ– त्यो थियो कानुनी प्रक्रियाको पालना र मानवीय संवेदनशीलता। तर, जहाँ सार्वजनिक हितको कुरा आउँछ, त्यहाँ व्यक्तिगत स्वार्थलाई त्याग्नै पर्छ।

आज फर्केर हेर्दा, विराटनगरमा हामीले जुन जग बसाल्यौँ, त्यसले सहरको विकासको एउटा नयाँ मानक तय गरेको जस्तो लाग्छ। जनप्रतिनिधि नभएको समयमा पनि कर्मचारी प्रशासनले चाहेमा र नागरिकको साथ पाएमा ठुला परिवर्तनहरू सम्भव छन् भन्ने उदाहरण विराटनगरले दिएको छ। हामीले सडक चौडा गर्दा भोगेका दुःख र चुनौतीहरूको फल आज विराटनगरबासीले फराकिला सडकको रूपमा प्राप्त गरेका छन्। तर, सहरको विकास एउटा निरन्तर प्रक्रिया हो। हिजो हामीले खाली गराएका ठाउँहरू फेरि मिचिन सक्छन्, हिजो बनाएका योजनाहरू ओझेलमा पर्न सक्छन्। त्यसैले, अहिलेको नेतृत्व र आगामी पुस्ताले पनि सहरी अनुशासन र सार्वजनिक सम्पत्तिको रक्षा गर्ने कुरालाई उत्तिकै महत्त्व दिनुपर्छ।

सहर केवल भौतिक संरचनाको थुप्रो मात्र होइन, यो त नागरिकहरूको सभ्यता र अनुशासनको ऐना पनि हो। विराटनगरलाई एउटा सुन्दर, व्यवस्थित र डुबानमुक्त महानगर बनाउने सपनालाई पूर्णता दिन सबै पक्षको उत्तिकै इमानदारिता र सक्रियता आवश्यक छ। सार्वजनिक हितका लागि गरिने कठोर निर्णयहरूले नै अन्ततः समाजको हित गर्छन् र सहरको दिगो विकास सुनिश्चित गर्छन्। रातोपाटीबाट

# मधेसमा लागुऔषधको जालो फैलिँदो

**नवीन प्रियदर्शी**

जनकपुरधाम, २१ वैशाख। मधेस प्रदेशमा केही वर्ष यता लागुऔषध दुर्व्यसन गम्भीर सामाजिक समस्याको रूपमा देखा पर्दै गएको छ। विशेषगरी भारतसँगको खुला सीमाका कारण लागुऔषध भित्रिने क्रम बढेको र त्यसको असर युवापुस्तामा परिरहेको देखिन्छ। गाउँदेखि सहरसम्मका युवा दुर्व्यसनमा फस्दै जाँदा परिवार, समाज चिन्तित बनेका छन्। यही अवस्थालाई ध्यानमा राख्दै मधेस प्रदेश प्रहरीले लागुऔषध नियन्त्रणमात्र नभई सेवनकर्ताको सुधार र पुनर्स्थापनालाई केन्द्रमा राखेर 'लागुऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान २०८३' सुरु गरेको छ।

मधेस प्रदेश प्रहरीका सूचना अधिकारी कमल थापाका अनुसार यो अभियानको मुख्य उद्देश्य लागुऔषध सेवनकर्तालाई पक्राउ गरेर कारबाही गर्नु मात्र होइन, उनीहरूको पहिचान गरी सुधार केन्द्रसम्म पुऱ्याउनु र समाजमा पुनर्स्थापित गर्नु पनि हो। लागुऔषध समस्या केवल कानुनी मुद्दा मात्र नभई सामाजिक र मानसिक समस्याको रूपमा फैलिँदै गएको थापाले बताए।

प्रदेश प्रहरी प्रमुख डीआइजी गोविन्द थपलियाले अभियानलाई प्रभावकारी बनाउन आठ वटै जिल्लाका प्रहरी प्रमुखलाई स्पष्ट निर्देशन दिएका छन्। उनका अनुसार लागुऔषध नियन्त्रणका लागि अब परम्परागत तरिकाले मात्र सम्भव छैन। त्यसैले पहिचान, निगरानी, नियन्त्रण र सुधारलाई सँगै अगाडि बढाइने उनको भनाइ छ। डीआईजी थपलियाले भने, 'लागुऔषध नियन्त्रण केवल पक्राउ गर्ने विषयमात्र होइन, सेवनकर्तालाई सुधार गरेर समाजमा फर्काउनु पनि हाम्रो मुख्य लक्ष्य हो।'

मधेस प्रदेशका महोत्तरी, धनुषा, सर्लाही, सिराहा, पर्सा लगायत सीमावर्ती जिल्लामा लागुऔषधको समस्या बढी देखिएको छ। यी क्षेत्रमा भारतसँगको खुला सीमाका कारण ओसारपसार सजिलै हुने गरेको प्रहरीको निष्कर्ष छ। साना नाकादेखि अनधिकृत बाटो प्रयोग गरी लागुऔषध भित्र्याउने गरेको पाइएको प्रहरीको भनाइ छ। महोत्तरीका प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टका अनुसार सीमाबाट भित्रिने लागुऔषध सिधै युवाहरूको हातमा पुग्ने गरेको छ। विद्यालय र कलेज पढ्ने उमेरका किशोरकिशोरीहरू नै यसको बढी सिकार बन्दै गएको उनले बताए।

साथीभाइको दबाब, बेरोजगारी, पारिवारिक समस्या र जिज्ञासाले सुरु भएको सेवन बिस्तारै लतमा परिणत हुने गरेको उनको भनाइ छ। प्रहरी चौकी र सशस्त्र प्रहरीसँग समन्वय गरेर निगरानी कडा बनाइएको भट्टले बताए। उनले भने, 'मुख्य नाकाहरूमा ड्रग टेस्टिङ चेकपोइन्ट स्थापना गर्ने तयारी गरिएको छ, जहाँ ड्रग टेस्ट किट प्रयोग गरी शंकास्पद व्यक्तिहरूको परीक्षण गरिनेछ।' त्यसैगरी सीमाबाट बारम्बार आवतजावत गर्ने व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने काम पनि सुरु गरिएको छ। विशेषगरी युवायुवतीहरूको गतिविधि र आवतजावतलाई ध्यानमा राख्दै निगरानी प्रणालीलाई थप व्यवस्थित बनाइने उनले बताए।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमले सीमापारबाट हुने लागुऔषध तस्करी नियन्त्रण गर्न भारतीय सुरक्षा निकायसँग सूचना आदानप्रदान र संयुक्त निगरानी बढाइएको बताए। उनका अनुसार दुवै देशका सुरक्षा निकायबिच सहकार्य बलियो बनाएर मात्रै सीमाबाट हुने तस्करी रोक्न सकिन्छ। तर समस्या नियन्त्रणका लागि प्रहरीको प्रयासमात्र पर्याप्त नहुने स्थानीयहरू बताउँछन्। पिपरा गाउँपालिका–७ बनौलीका रुदल झाले भने, 'घरमा खानका लागि पैसा छैन, तर छोरा दुर्व्यसनमा फसेपछि सुधार केन्द्रमा लैजान पनि पैसा चाहिन्छ। सरकारले निःशुल्क उपचार र सुधारको व्यवस्था गर्नुपर्छ।'

त्यस्तै धनुषाको मनरा नगरपालिका–४ की भुली देवीले पनि आफ्ना छोरा दुर्व्यसनमा फसेर परिवार नै सङ्कटमा परेको बताइन्। 'एउटा छोराको बिहे भइसकेको छ,

–बाँकी तीन पेजमा

*मधेसमा....*

चार जनाको परिवार छ, तर दुर्व्यसनले सबै बर्बाद बनायो,' उनले भनिन्, 'खुला सीमाका कारण सजिलै लागुऔषध पाइन्छ। त्यसैले रोकथामका लागि सरकारी प्रयास प्रभावकारी हुनुपर्छ।' स्थानीय तहहरूले पनि समस्या समाधानका लागि पहल थालेका छन्। मनरा नगरपालिकाका मेयर मोहन पाण्डेले विद्यालय स्तरबाटै सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको बताए। उनका अनुसार विद्यालय, क्लब र संघसंस्थामार्फत युवाहरूलाई लागुऔषधको असरबारे जानकारी दिइँदैछ।

युवा अभियानी सरोज कुमार मिश्रले लागुऔषध सेवनकर्ताको पहिचान गरेर सुधार केन्द्रसम्म पुऱ्याउने, परिवारसँग समन्वय गर्ने र समाजमा पुनःस्थापना गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्ने बताए। उनका अनुसार स्थानीय तहले यसमा थप जिम्मेवारी लिन आवश्यक छ। मनोविज्ञ डाक्टर रोबिन कुमार झाका अनुसार लागुऔषध समस्या समाधानका लागि बहुआयामिक प्रयास आवश्यक हुन्छ। केवल प्रहरी कारबाहीले मात्र दीर्घकालीन समाधान सम्भव नहुने उनले प्रस्ट पारे। मानसिक स्वास्थ्य सेवा, पुनर्स्थापना केन्द्र, परिवारको साथ र सामाजिक समर्थन पनि उत्तिकै आवश्यक रहने उनको भनाइ छ।

उनले भने, 'प्रहरी, स्थानीय तह र समुदायबिच सहकार्य बलियो बनाउन सकेमात्र यो अभियान प्रभावकारी हुन्छ।' यता मधेस प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले लागुऔषध दुर्व्यसन मधेस प्रदेशमा दिन प्रतिदिन गम्भीर समस्या बन्दै गएको बताए। उनले सीमावर्ती क्षेत्रमा कडाइ गर्न र दुर्व्यसनमा फसेका युवाहरूलाई संरक्षण तथा सुधारको दायरामा ल्याउन प्रहरी प्रशासनलाई निर्देशन दिइसकेको बताए।

उनले भने, 'खुला सीमाका कारण लागुऔषध भित्रिने समस्या चुनौतीपूर्ण बनेको छ। यसलाई रोक्न सीमामा कडाइ गरिनेछ।' साथै दुर्व्यसनमा फसेका युवाहरूका लागि प्रदेश सरकारले नैतिक शिक्षा, सचेतनामूलक कार्यक्रम र सुधार केन्द्रको व्यवस्थापन गरेर समस्या न्यूनीकरणतर्फ काम गर्ने उनको भनाइ छ।

# प्रभावित बालबालिकालाई निःशुल्क भर्ना लिन निजी विद्यालय सञ्चालक तयार

काठमाडौँ, २० वैशाख। निजी विद्यालय सञ्चालकहरूले काठमाडौँ उपत्यकाका विभिन्न नदी किनार तथा जोखिमयुक्त स्थानमा रहेका सुकुम्बासी बस्ती खाली गराउँदा प्रभावित समुदायका बालबालिकाको पढाइमा रचनात्मक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन)का अध्यक्ष कृष्णप्रसाद अधिकारी, उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ नेपाल (हिसान)का अध्यक्ष युवराज शर्मा, राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (एनप्याब्सन), एसोसिएसन अफ प्रि-स्कुल एसोसियटर्स (एपेन)का अध्यक्ष बद्रीप्रसाद दाहालले आज संयुक्त प्रेस विज्ञप्ति जारी गरी उक्त प्रतिबद्धता जनाउनुभएको हो। यसअघि काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनीता डङ्गोलले निजी क्षेत्रका शिक्षालय सञ्चालक संस्थाका प्रतिनिधिसँग सो विषयमा छलफलसहित सहयोगको आग्रह गर्नुभएको थियो।

"नेपालको संविधानले प्रत्याभूत गरेको बालबालिकाको आधारभूत शिक्षाको मौलिक अधिकारलाई कुनै पनि परिस्थितिमा खलल हुन नदिन राज्य, समाज र शैक्षिक क्षेत्रबीच समन्वय गरी तुरुन्तै आवश्यक व्यवस्था हुनुपर्नेमा जोड दिँदै, स्थानीय तहसँग सहकार्य गरी समस्या समाधानमा रचनात्मक सहयोग पुऱ्याउन हामी सबै सरोकारवालाहरू प्रतिबद्ध रहेको जानकारी गराउँदछौँ", ती संस्थाहरुद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत, स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय गरी प्रभावित तथा वास्तविक सुकुम्बासी परिवारका बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चितताका लागि आवश्यक सहयोग र सहजीकरण गर्न हामी तत्पर छौँ।"

प्रभावित क्षेत्रमा बालबालिकालाई नजिकैको निजी विद्यालयमा निःशुल्क भर्ना गर्ने अवसर उपलब्ध गराउने, आवश्यकताअनुसार आवास तथा यातायातको व्यवस्थापन गर्ने, मनोवैज्ञानिक सहयोगको उपयुक्त व्यवस्था र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्पूर्ण सरोकारवाला सङ्गठित भएर अघि बढ्न पनि ती संस्थाहरूले आग्रह गरेका छन्। नेपाल सरकार, स्थानीय तह, शैक्षिक संस्था र समुदायबीचको सहकार्यबाट प्रतिकूलतामा पनि अनुकूलता निर्माण गर्न सकिने विश्वासका साथ, सम्पूर्ण सरोकारवाला पक्ष यस मानवीय तथा उत्तरदायी पहलमा ऐक्यबद्ध भई सक्रिय सहयोग गर्न पनि आग्रह गरिएको छ।

# कृत्रिम गन्ध प्रविधिबाट मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण प्रयास

रुपन्देही, २१ वैशाख। तराई क्षेत्रका मध्यवर्ती बस्तीहरूमा बढ्दो मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न नवीन प्रविधिको परीक्षण थालिएको छ। बाघ र चितुवाजस्ता वन्यजन्तु मानव बस्तीमा प्रवेश गर्नबाट रोक्ने उद्देश्यले 'कृत्रिम गन्ध सङ्केत' प्रयोगमा ल्याइएको हो। तराई भूपरिधि तथा संरक्षण कार्यक्रमअन्तर्गत गत वर्षदेखि सुरु गरिएको यो प्रविधिले वन्यजन्तुको प्राकृतिक व्यवहारलाई आधार मानेर 'अदृश्य सीमा' निर्माण गर्ने लक्ष्य लिएको कार्यक्रमका प्रबन्धक भरत भट्टले जानकारी दिनुभयो। उहाँका अनुसार बाघ र चितुवाले आफ्नो क्षेत्र निर्धारण गर्न पिसाब वा नङले कोतरेर गन्ध छाड्ने गर्छन्। यही प्रक्रियालाई अनुसरण गर्दै कृत्रिम गन्ध प्रयोग गर्दा जनावरलाई आफ्नो क्षेत्रमा अर्को प्रतिस्पर्धी आएको भान हुन्छ र उनीहरू त्यहाँबाट टाढा सर्ने गर्छन्।

"मानव बस्तीमा वन्यजन्तु प्रवेश नगरुन् भन्ने उद्देश्यले ३० वटा रणनीतिक स्थानमा क्यामेरा र विशेष प्रकारका 'डिस्पेन्सर' जडान गरिएको छ", भट्टले भन्नुभयो, "यी उपकरणले निश्चित गन्ध फैलाएर जनावरलाई फर्कन बाध्य बनाउँछन्।" भट्टका अनुसार प्रयोग गरिएका गन्ध कुनै पनि हिसाबले हानिकारक छैनन्। यसले मानिस र वन्यजन्तु दुवैलाई असर नगर्ने बताइएको छ। प्रारम्भिक अध्ययनमा विभिन्न प्रकारका गन्धमध्ये केहीले चितुवा र बाघलाई प्रभावकारी रूपमा रोक्न सफल भएको देखिएको छ। गत वर्ष गरिएको परीक्षणमा दुई प्रकारका गन्धले चितुवालाई, दुईले बाघलाई तथा एउटाले दुवै प्रजातिलाई रोक्न सफल भएको पाइएको भट्टले जानकारी दिनुभयो। हाल थप चारदेखि पाँच प्रकारका गन्धमा परीक्षण भइरहेको छ।

कार्यक्रम अधिकृत प्रतीक शाहका अनुसार यो अनुसन्धानमूलक परियोजना पाँच वर्षका लागि सञ्चालनमा ल्याइएको हो। "चितुवा र बाघलाई मानव बस्तीबाट सुरक्षित दूरीमा राख्नु नै यस अध्ययनको मुख्य लक्ष्य हो", उहाँले भन्नुभयो, "यदि यो प्रविधि सफल भयो भने भविष्यमा मानव र वन्यजन्तुबीच स्थायी 'अदृश्य सीमा' कायम गर्न सकिन्छ।" उहाँका अनुसार खाता करिडोर क्षेत्रका ३० स्थानमा जडान गरिएका स्वचालित क्यामेरामार्फत वन्यजन्तुको गतिविधि र उनीहरूको प्रतिक्रिया निरन्तर अनुगमन गरिन्छ। यसबाट प्राप्त तथ्याङ्कले प्रविधिको प्रभावकारिता मूल्याङ्कन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

'टी' आकारको पाइपमा एकपटक केमिकल राख्दा एक महिनासम्म गन्ध रहिरहन्छ। शाहका अनुसार यो परीक्षण सफल भयो भने वन्यजन्तुबाट बस्तीमा हुने क्षति घट्छ। तारबारजस्ता संरचनामा भइरहेको लगानी पनि कम हुन्छ। खाता सामुदायिक वन समन्वय समितिका प्राविधिक खगेन्द्र थापाले स्थानीयस्तरमा यो प्रविधिले सकारात्मक सन्देश दिएको बताउनुभयो। "सन् २०१४ देखि क्यामेरा ट्र्यापिङमा संलग्न रहँदै आएका छौँ", उहाँले भन्नुभयो, "अहिले प्रयोग भइरहेका क्यामेराहरू अत्यन्त संवेदनशील छन्, जसले ३० सेकेन्डसम्मको भिडियो र सानोतिनो आवाजसमेत कैद गर्न सक्छन्।"

उहाँका अनुसार मानव-वन्यजन्तु द्वन्द्व बढी हुने क्षेत्रमा यस्ता प्रविधिले स्थानीय बासिन्दामा सुरक्षाको अनुभूति दिलाउनुका साथै दीर्घकालीन समाधानतर्फ मार्गनिर्देशन गर्न सक्छ। यदि यहाँ सफल भयो भने देशका अन्य प्रभावित क्षेत्रमा पनि यो मोडेल विस्तार गर्न सकिन्छ। तराईका विभिन्न जिल्लामा पछिल्ला वर्षहरूमा बाघ, चितुवा तथा जङ्गली जनावरको बस्ती प्रवेशका घटना बढ्दै जाँदा मानवीय क्षति र त्राससमेत बढेको छ। यस्तो अवस्थामा वैज्ञानिक आधारमा यो विकसित प्रविधिको प्रयोगले द्वन्द्व न्यूनीकरणमा विश्व वन्यजन्तु कोषअन्तर्गत सञ्चालन भइरहेको तराई भूपरिधि तथा संरक्षण कार्यक्रम नेपाल र भारतका तराई

# संवैधानिक परिषद्सम्बन्धी अध्यादेश संविधान विरोधी र बदनियतपूर्ण : कांग्रेस

काठमाडौं, २१ वैशाख। प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको संवैधानिक परिषद्सम्बन्धी अध्यादेश संविधान विरोधी र बदनियतपूर्ण रहेको आरोप नेपाली कांग्रेसले लगाएको छ। केन्द्रीय कार्यसम्पादन बैठकमा कांग्रेसले संविधानको धारा २८४ अनुसार संवैधानिक परिषद् प्रधानमन्त्रीको अध्यक्षतामा प्रधानन्यायाधीश, सभामुख, राष्ट्रियसभा अध्यक्ष, विपक्षी दलका नेता र उपसभामुख सदस्य रहने समावेशी संरचनामा आधारित रहेको स्मरण गराउँदै यस्तो प्रावधानलाई राजनीतिक अनुकूलताका लागि पटक-पटक दुरुपयोग गरिएको जनाएको छ।

दलले वर्तमान सरकारले पनि पूर्ववर्ती व्यवस्थाकै निरन्तरता हुने गरी आफूअनुकूल निर्णय गर्न अध्यादेश ल्याएको भन्दै यसलाई संविधानको मर्म र 'लेजिस्लेटिभ इन्टेन्ट' विपरीतको कदम भनेको छ। कांग्रेसले संवैधानिक परिषद्बाट हुने नियुक्ति व्यवस्थित, पारदर्शी र मापदण्डमा आधारित बनाउन ऐन संशोधन आवश्यक रहेको औँल्याउँदै त्यसका लागि सरकारले संसदमा विधेयक ल्याए सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

'संवैधानिक मर्म विपरीत 'लेजिस्लेटिभ इन्टेन्ट' (विधायीकी मनसाय) माथि प्रहार हुने गरी यो प्रावधानमाथि पटक-पटक राजनीतिक अनुकूलताका लागि दुरुपयोग र आक्रमण भयो। वर्तमान सरकार विशेष परिस्थितिमा प्रचण्ड जनमतसहित गठन भएको सरकार हो। सुशासन नै यो निर्वाचनको मर्म हो। पूर्ववर्ती सरकारले संविधानको मर्म विपरीत ल्याएको संवैधानिक परिषद् सम्बन्धी व्यवस्थाकै दुरुस्त हुने गरी वर्तमान सरकारले आफू अनुकूल राजनीतिक निर्णय गर्न ल्याएको अध्यादेश पूर्णतः संविधान विरोधी र बदनियतपूर्ण छ,' निर्णयमा भनिएको छ।

परिषद्को संरचना नै परिवर्तन गर्नुपर्ने भए संविधान संशोधनको वैधानिक बाटो अपनाउनुपर्ने कांग्रेसको भनाइ छ। वर्तमान व्यवस्था कायम रहँदासम्म त्यसको मर्म मर्ने गरी कानुन बनाउन नहुने स्पष्ट पार्दै दलले अध्यादेश तत्काल फिर्ता लिन सरकारलाई आग्रह गरेको छ। कांग्रेसले अध्यादेशको प्रयोग आवश्यक अवस्थामा गर्न सकिने भए पनि त्यसको मनसाय र विषयवस्तु संविधानसम्मत हुनुपर्ने उल्लेख गरेको छ। हालः जारी अध्यादेशहरू संसदको क्षेत्राधिकारभित्र प्रवेश गर्ने भएकाले सुशासन र सेवा प्रवाह सुधारका उद्देश्य भएका विषयमा सकारात्मक सहयोग रहने तर मौलिक हक संकुचित गर्ने वा संविधानको मर्म विपरीतका प्रावधान अस्वीकार्य हुने स्पष्ट पारेको छ।

त्यस्तै प्रतिनिधिसभा नियमावली संविधानभन्दा माथि हुन नसक्ने उल्लेख गर्दै संशोधन प्रक्रियामा रहेका केही गम्भीर विषय सच्याउनुपर्ने धारणा कांग्रेसले राखेको छ। सरकारले ल्याएका अध्यादेश र नियमावलीको मस्यौदालाई संविधान, नागरिक अधिकार र विधायी मनसायअनुसार समीक्षा गरी संसदमा प्रभावकारी रूपमा प्रस्तुत हुन संसदीय दललाई निर्देशन दिइएको जनाएको छ।

# चुरे संरक्षणका लागि मेचीमहाकाली जनजागरण अभियान

**विजयकुमार साह**

ढल्केबर, २१ वैशाख। चुरे तथा वनजंगल सङरक्षण अभियान नेपालले आगामी जेठ१ गतेदेखि मेचीमहाकाली जनजागरण एवं हस्ताक्षर अभियान यात्रा सुरु गर्ने घोषणा गरेको छ। चुरे र प्राकृतिक स्रोतको रक्षाका लागि निरन्तर सङ्घर्ष गर्दै आएको यस अभियानले चुरे क्षेत्रको विनाश रोक्न र राज्यलाई दबाब दिन देशव्यापी अभियान सञ्चालन गर्न लागेको बताइएको छ। अभियानका अध्यक्ष सुनिल यादवले चुरे क्षेत्रमा भइरहेको अवैध उत्खनन, क्रसर उद्योगको मनपरी र वन विनाशले गर्दा तराई मधेशको भूमि मरुभूमीकरण




हुने खतरा बढेकाले यो कदम चालिएको बताउनुभयो। अभियानको मुख्य माग र एजेन्डा चुरे क्षेत्रमा भइरहेको अवैध गिट्टीबालुवा उत्खनन र क्रसर उद्योगको नियन्त्रण। अतिक्रमित नदीनालाको सङ्क्षण। प्रदुषण नियन्त्रण, वनजङगलको फँडानी र जडीबुटीको अवैध दोहनमा रोक लगाउनु रहेको उहाँको भनाइ छ। अध्यक्ष यादवले 'प्रकृति जोगाऔँ, भविष्य बचाऔँ' भन्ने मूल नाराका साथ सुरु हुने यस यात्राले तराई, पहाड र हिमालबीचको वातावरणीय सन्तुलन कायम राख्न राष्ट्रिय एकताको आह्वान गर्नुभयो।

उहाँले यस पदयात्रामा सहभागी हुन तराई मधेशका युवा, विद्यार्थी, जेन्जी पुस्ता, राजनीतिक दलका कार्यकर्ता, नागरिक समाज र सञ्चारकर्मीलाई अपील गर्नुभयो। यसअघि पनि यस अभियानले सप्तरीदेखि काठमाडौँसम्म पैदल यात्रा र माइतीघर मण्डलामा महिनौँसम्म धर्ना दिने जस्ता कार्यक्रम सम्पन्न गरिसकेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# मृत्युमा सभा भोजको बढ्दो प्रतिस्पर्धा



**धीरेन्द्रप्रसाद साह**

राजविराज, २१ वैशाख। तराई मधेशका धेरै समुदायमा परम्परागत रूपमा गरिँदै आएको मृत्यु भोज पछिल्लो समय सप्तरी जिल्लामा झन् भड्किलो र प्रतिस्पर्धात्मक बन्दै गएको छ। जिल्लाको रूपनी, विष्णुपुर र छिन्नमस्तालगायतका पालिकामा मृत्युपछि गरिने सभा भोज सामाजिक प्रतिष्ठासँग दाँजेर प्रतिस्पर्धा गरिरहेका छन्। यसले फजुल खर्च पनि भइरहेको स्थानीयवासी बताउँछन्। रूपनी गाउँपालिकाका भोला यादवका अनुसार आफन्तको मृत्यु भएपछि समाजका प्रतिष्ठित व्यक्तिबिच एक वा दुई सभा भोज गर्ने प्रतिस्पर्धा नै चलेको छ।

"हाम्रो समुदायले पाँच/सात गाउँबस्तीलाई समेटेर एउटा सभा बनाएको हुन्छ। त्यस क्षेत्रका सबैलाई निम्तो पठाएर भोज खुवाइन्छ," उहाँले भन्नुभयो। यस्तो एक सभामा न्यूनतम पाँचदेखि सात लाख रुपियाँसम्म खर्च हुने गरेको उहाँले बताउनुभयो। स्थानीय बिरेन्द्र यादवका अनुसार भोजमा महिला सहभागिता अझै पनि सीमित छ। सभा भोजमा आफनो गाउँबस्ती बाहेकका महिलाहरूलाई निम्तो दिने चलन नरहेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो "छरछिमेकका महिला, पुरुष, बालबालिका सबैलाई निम्तो दिइन्छ, तर खुवाउने बेला महिला र पुरुषलाई छुट्टाछुट्टै बसाइन्छ, कतिपय ठाउँमा महिलालाई सहभागिता नै गराइँदैन।'' समाजसेवी श्यामसुन्दर यादवका अनुसार रूपनी, विष्णुपुर र छिन्नमस्ता गाउँपालिकामा यस्ता सभा भोज व्यापक रूपमा हुँदै आएका छन्। विशेषगरी यादव समुदायमा यो चलन पछिल्लो समय प्रतिस्पर्धात्मक रूपमा बढ्दै गएको छ। "कसले कति ठुलो भोज गर्‍यो भन्ने कुरा प्रतिष्ठासँग जोडिन थालेको छ," उहाँले भन्नुभयो।

स्थानीय समाजसेवी रामचन्द्र यादव यस्तो प्रचलनप्रति चिन्तित हुनुहुन्छ। उहाँका अनुसार मृत्युजस्तो संवेदनशील अवस्थामा अनावश्यक खर्च गर्ने प्रवृत्तिले निम्न तथा मध्यम वर्गीय परिवारलाई आर्थिक संकटमा पार्न सक्छ। "मृत्यु भोजलाई न्युनीकरण गर्नुपर्छ, नत्र समाजमा ऋण र दबाब बढ्दै जान्छ," उहाँले जोड दिनुभयो। प्राध्यापक देवनायारायण यादवले यस्तो परम्परा सामाजिक एकता र सहानुभूति प्रकट गर्ने माध्यम भएपनि यसको अत्यधिक प्रदर्शनले मूल उद्देश्य ओझेलमा पारिरहेको बताउनुभयो। परम्परा र आधुनिक सोच बिच सन्तुलन कायम गर्दै खर्च नियन्त्रण गर्न समुदायस्तरमै छलफल र सचेतना आवश्यक भएको उहाँले बताउनुभयो।

सप्तरीमा बढ्दो मृत्यु भोज संस्कारको विषय मात्र नभई सामाजिक प्रतिष्ठा, आर्थिक अवस्था र लैङ्गिक समानतासँग समेत गाँसिएको विषय बन्दै गएको छ।

# जीर्ण भवनमै नगरपालिका सञ्चालन, विकास ठप्प हुँदा मिथिलामा जनअसन्तुष्टि चुलिँदै

धनुषा, २१ वैशाख। सरकारी कार्यालयको भौतिक संरचना गुणस्तरीय र प्रविधिमैत्री नहुँदा गुणस्तरिय सेवा प्रवाह असर गर्दा नागरिकको विश्वासमा समेत नकारात्मक प्रभाव पर्न जान्छ। धनुषाको मिथिला नगरपालिकाको प्रशासकीय भवन यसकै उदाहरण बनेको छ। कुनै पनि बेला भत्किन सक्ने ५ दशक पुरानो जीर्ण र अव्यवस्थित प्रशासनिक भवनभित्र कर्मचारीहरू जोखिम मोलेर काम गर्न बाध्य छन्। तर, नगर प्रमुख भने अरुको घर भत्काउदै हिँडेको भन्दै नगरबासी नै असन्तुष्ट बनेका छन्।

यो धनुषाको ढल्केबरमा रहेको मिथिला नगरपालिकाको कार्यालय हो। पूर्व–पश्चिम महेन्द्र राजमार्गको छेउमै रहेको यो भवन अत्यन्तै जिर्ण छ। ५० वर्ष पुरानो यो भवनको छत बेलाबेलामा झर्ने गर्छ। प्राविधिक दृष्टिकोणले यो भवन बस्न मिल्ने छैन तर पनि वैकल्पिक व्यवस्था नभएकाले कर्मचारीहरू जोखिम मोलेर काम गर्न बाध्य छन्। यही जीर्ण र साँघुरो भवनभित्र नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षसँगै विभिन्न शाखाहरू छन। चालु आर्थिक वर्षमा ३ करोड र सशर्त अनुदानको १ करोडसहित ४ करोड बजेट रहे पनि प्रशासनिक भवन बनाउने तदारूकता नै छैन।

पूर्वाधार अभावमा कार्यालयको दैनिकीमा ढिलासुस्ती, फाइल व्यवस्थापन, कागजातको सुरक्षा तथा कर्मचारीको कार्यक्षमतामा प्रत्यक्ष असर परिरहेको छ। राजमार्गसँगै रहेको मिथिला नगरपालिकाको आफ्नै भवनको हविगत यस्तो हुँदा नगरप्रमुख महेन्द्र महतोलाई भने व्यक्ति विशेषको घर र व्यवसायिक प्रतिष्ठान भत्काउँदै हिँडेको आरोप लागेको छ। ५३ वर्षअघिदेखि बसोबास गरिरेहकाहरूको घर पसल डोजर लगाएर भत्काउनुका साथै नगरपालिकाले नै घर निर्माण सम्पन्न प्रमाणपत्र दिएका भवन पनि भत्काउन थालेपछि व्यवसायी अदालतको शरणमा पुगेका छन्। उच्च अदालतको निषेधाज्ञाका बाबजुद नगरप्रमुखले भवन भत्काइदिने धम्की दिँदैआएको आरोप छ।

४८ हजार ६ सय ७६ जनसंख्या भएको मिथिला नगरपालिकाको चालु आर्थिक वर्षमा ४८ करोड ९४ लाखभन्दा बढी बजेट छ। आर्थिक वर्ष सकिन अब २ महिना मात्रै रहे पनि विकास निर्माणलाई गति दिन सकेको छैन। १० लाखसम्मका योजनाहरूको काम अघि बढे पनि उपभोक्ता समितिमार्फत काम गराउने विषयमा नगर प्रमुख महेन्द्र महतो र प्रमुख प्रशासकीय अधिकृत हरिशंकर यादवबीच सहमति हुन नसक्दा विकास निर्माणका अधिकांस ठूला योजनाहरूको काम अघि बढ्न सकेको छैन। माघ महिनामै सम्पन्न विशेष नगर अधिवेशनको निर्णय पनि नगर प्रमुखले सदर नगरेपछि विवाद छ।

# पर्यटन पूर्वाधार सुदृढ बनाउन ठुला लगानी आवश्यक : मुख्यमन्त्री यादव



धनुषा, २१ बैशाख। मधेस प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले जनकपुरधामको पर्यटन पूर्वाधार सुदृढीकरणका लागि ठूला लगानी आवश्यक रहेको बताएका छन्। सोमबार करिब दुई अर्ब रुपैयाँको निजी लगानीमा जनकपुरधाम उपमहानगर– १४ मा निर्माण गर्न लागिएको पाँचतारे होटलको शिलान्यास गर्दै उनले धार्मिक पर्यटनको केन्द्रका रूपमा स्थापित जनकपुरधाममा अन्तरराष्ट्रियस्तरको सेवा सुविधा विस्तार हुँदा आन्तरिक तथा बाहय पर्यटक आकर्षित हुने र प्रदेशको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुग्ने बताएका हुन्।

प्रतिनिधिसभा सदस्य मनिष झाले निजी क्षेत्रको सक्रियताले विकास निर्माणमा तीव्रता ल्याएको उल्लेख गर्दै पर्यटन उद्योगलाई सुदृढ बनाउन राज्य र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेकोमा जोड दिए। परियोजना प्रवर्द्धक मिथिला हस्पिटालिटी प्रालिका अध्यक्ष रामेश्वर साहले सो होटल करिब तीन वर्षभित्र निर्माण सम्पन्न गरी २०८६ साल वैशाखदेखि सञ्चालनमा ल्याउने लक्ष्य रहेको जानकारी दिए।उक्त होटल सञ्चालनमा आएपछि करिब १५० जनाले प्रत्यक्ष रोजगारी पाउने र अप्रत्यक्ष रूपमा सयौँ व्यक्तिलाई लाभ पुग्ने जनाइएको छ। कार्यक्रममा गैरआवासीय नेपाली संघ (एनआरएनए)का संस्थापक अध्यक्ष उपेन्द्र महतो, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल, जनकपुरधाम उपमहानगरपालिका प्रमुख मनोज साह, सञ्चालक समिति सदस्य काजी लामा लगायतको उपस्थिति रहेको थियो।

# कमला किनारमा उठीबासको त्रास, जनकपुरमा डोजर रोक्न प्रदर्शन

**अनिल मिश्र**

धनुषा, २१ वैशाख। प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले सार्वजनिक र ऐतिहासिक महत्वका जग्गा अतिक्रम गरेर बसेकाहरूलाई हटाउने थालेपछि देशैभरि त्रास छ। यो बीचमा धनुषास्थित कमला सिँचाइको जग्गा अतिक्रमण गरी बसेकाहरूले सरकारले आफूहरूलाई सुरक्षित बसोबासका लागि व्यवस्था गरिदिए हट्न तयार रहेको बताएका छन्। तर, जनकपुरधाममा भने लालपूर्जा माग गर्दै प्रदर्शन भएको छ।

पूर्वपश्चिम महेन्द्र राजमार्गको छेउमै छ एउटा बस्ती। धनुषाको गणेशमान चारनाथ नगरपालिका कमला सिँचाइ अन्तर्गत पश्चिमी नहर पोर्ताहामा रहेको यो बस्तीमा ४५ घरपरिवार छन्। कमला सिँचाइ व्यवस्थापन कार्यालयको करिब दुई बिघा जग्गामा लामो समयदेखि बस्दै आएका यी घरपरिवारलाई कतिबेला बस्तीमा डोजर चल्ने हो भन्ने चिन्ता छ।

काठमाडौंमा सुरक्षाकर्मीको घरामा डोजर लगाएर अतिक्रमित क्षेत्र खाली गराएजस्तै आफूहरूलाई पनि उजाडियो भने कहाँ जाने, कहाँ बस्ने? भन्ने चिन्ताले सबैलाई पिरोलेको छ। वैदेशिक






रोजगारीमा असफलता, साहु महाजनको ऋण चुक्ता गर्न उठिबास भएको, पुरानो घर अतिक्रमण हटाउने क्रममा भत्काइदिएको लगायतका समस्याले ओत लाग्ने छानो खोज्दै यहाँ आएर बसेको बस्तीका नागरिकहरू बताउँछन्।

कमला सिँचाइ व्यवस्थापन कार्यालयले बस्ती खाली गर्न सूचना टाँस गरेपछि यहाँका बासिन्दामा त्रास छ भने मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित मठ मन्दिर र गुठी संस्थानको जग्गा अतिक्रमण गरेकाहरूले भने लालपुर्जा माग गर्दै प्रदर्शन गरेका छन्। अतिक्रमित संरचनाहरू हटाउने तयारी भइरहँदा गुठी–कुटी भूमिहीन घरजग्गा व्यवस्थापन समितिको नाममा विरोध प्रदर्शन गरिएको हो। उनीहरूले मन्दिरका महन्तसँग खरिद गरि लाखौं लगानी गरेर संरचना बनाएकाले लालपुर्जा पाउनुपर्ने अडान राखेका छन्।

प्रदर्शनका क्रममा उनीहरूले देशभर सुकुम्वासीमाथि डोजर चलाएर आतङ्क मच्चाएको आरोप लगाउँदै प्रधानमन्त्री शाहको राजीनामासमेत माग गरे। केही वर्षअघि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा गठित जाँचबुझ आयोगको प्रतदनअनुसार जनकपुरमा गुठीका १० बिघाभन्दा बढी जग्गा अतिक्रमित छन्। मधेश प्रदेशमा सुकुम्वासीको संख्या यकिन छैन। तर, भूमि समस्या समाधान आयोगको विवरणअनुसार मधेश प्रदेशमा कुल १ लाख ६ हजार ८ सय ३० भूमिसम्बन्धी निवेदन परेका छन्। जसमा भूमिहीन दलित १६ हजार ८ सय ७१ र सुकुम्वासी दलित २० हजार ९ सय ५८ घरपरिवार छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)